यो जानकारी पत्र सेन्टर फर द स्टडी अफ् लेबर एन्ड मोबिलिटीका लागि **अमृता लिम्बू**ले तयार गरेकी हुन् ।

स्रोत: नेपालको वैदेशिक रोजगार ऐन २००७, वैदेशिक रोजगार नियमावली २००८, वैदेशिक रोजगार (पहिलो संशोधन) नियमावली २०११; नेपाल र कतारका बीचमा कतारमा नेपाली जनशक्तिको रोजगारी सम्बन्धी विषयलाई लिएर २००५ मा भएको सम्झौता; कतारको श्रम कानुन (२००४ को कानुन १४); कतार जाने कामदारको न्यूनतम पारिश्रमिक (वैदेशिक रोजगार विभागले २१ जनवरी २०१३ मा जारी गरेको सूचना), र वैदेशिक रोजगारी सम्बन्धी खर्च (वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको वेबसाइटमा राखेको जानकारी) ।

---

**सहयोगका लागि सम्पर्क:**

**वैदेशिक रोजगार विभाग**
तीनकुने, काठमाडौं
फोन: +९७७-१-४११२३५० (हटलाइन),
४४६२९९
फ्याक्स: +९७७-१-४११२४७३
इमेल: info@dofe.gov.np
www.dofe.gov.np

**वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड**
अनामनगर, काठमाडौं
टोल फ्रि नं. १६६००१-५०००५
फोन: +९७७-१-४१०२६०७, ४१०२७११
इमेल: info@fepb.gov.np
www.fepb.gov.np

**Embassy of Nepal, Qatar**
Villa No. 13, Street No. 810
42, Ibne Bajah, Doha, Qatar
Post Box No.: 23002
Tel No.: +974-44675681, 44675683
Fax: +974-44675680
Email: nembdoha@gmail.com
www.nembdoha.com

**टिपोट**

**Centre for the Study of Labour and Mobility**
Social Science Baha, 110 Ramchandra Marg, Battisputali, Kathmandu – 9, Nepal
Tel: +977-1-4472807 • Fax: +977-1-4461669
email: info@ceslam.org • www.ceslam.org

*यो जानकारी पत्रको समीक्षा गरेर सहयोग पुऱ्याउनु भएकोमा हामी वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, अनामनगर, काठमाडौं, तथा सोम लुइँटेल, अध्यक्ष, मानव अधिकारका लागि जनमञ्च (पिपुल फोरम) प्रति कृतज्ञ छौं ।*

# वैदेशिक रोजगारीका लागि जानकारी पत्र
# कतार

## १. जानका लागि चाहिने योग्यता

क. वैदेशिक रोजगारीमा जानका लागि १८ वर्ष उमेर पुगेको हुनुपर्छ ।

ख. घरेलु कामदारका रूपमा जान चाहने महिलाको उमेर ३० वर्ष पुगेको हुनुपर्छ ।

ग. वैदेशिक रोजगारका लागि मान्यता पाएको म्यानपावर कम्पनीमा निवेदन दिनुपर्छ ।

घ. व्यक्तिगत सम्पर्कबाट पनि कतारमा काम गर्न जान सकिन्छ ।

## २. लाग्ने खर्च

क कतारमा रोजगारी पाउनका लागि म्यानपावरलाई बढीमा रु. ७०,००० तिर्नुपर्छ ।
- यसमा भिसा शुल्क र हवाई टिकट पनि समेटिएको हुन्छ ।
- कतारमा काम गर्न जाने सबै नेपाली कामदारको भिसा शुल्क र हवाई टिकट रोजगारदाता कम्पनीले बेहोर्छ ।

ख. अभिमुखीकरण तालिम लिन रु. ७०० खर्च लाग्छ ।
- महिला कामदारले त्यो रकम तिरेको रसिद लिएर गएमा वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, अनामनगर, काठमाडौंले रु. ७०० फिर्ता दिन्छ ।

ग. सबै कामदारले वैदेशिक रोजगार कल्याणकारी कोषमा रु. १००० तिर्नुपर्छ ।

## ३. विदेश जानका लागि प्रक्रिया र चाहिने कागजपत्र

क. सबै कामदारले दुईदिने अभिमुखीकरण तालिम लिनुपर्छ ।

ख. कतारको रोजगारदाता कम्पनीले मागे अनुसारको सीप विकास तालिम लिनुपर्छ ।

ग. घरेलु कामदारका रूपमा कतार जान लागेका महिला कामदारले २१ दिने सीप विकास तालिम लिनुपर्छ ।

घ. सरकारद्वारा मान्यताप्राप्त मेडिकल संस्थाबाट स्वास्थ्य जाँच गराउनुपर्छ ।

ङ. विदेशमा काम गर्न जानेले जीवन बिमा गर्नुपर्छ ।

च. सबै कामदारले वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिनुपर्छ । स्वीकृति लिन चाहिने कागजपत्रहरू:
- अभिमुखीकरण तालिम लिएको प्रमाणपत्र
- मेडिकल रिपोर्ट
- बिमा कागज
- वैदेशिक रोजगार कल्याणकारी कोषमा रु. १००० तिरेको रसिद
- कामदार र कम्पनीबीचको कन्ट्र्याक्ट
- म्यानपावरमार्फत जाने भए:
  - ◇ कामदार र कम्पनीबीचको कन्ट्र्याक्ट
  - ◇ म्यानपावरलाई पैसा बुझाएको रसिद

## ४. करार (एग्रिमेन्ट/कन्ट्र्याक्ट)

क. कामदारले कतारका कम्पनीसँग र म्यानपावरमार्फत जाने भए नेपालको म्यानपावरसँग कन्ट्र्याक्ट गर्नुपर्छ ।
- सो कन्ट्र्याक्ट कतारको श्रम कानुन अनुसार हुनुपर्छ ।

ख. कन्ट्र्याक्टमा कामको सर्त र दुवै पक्षका अधिकार र जिम्मेवारीका बारे उल्लेख हुनुपर्छ ।

ग. कन्ट्र्याक्टमा कामदारको बस्ने ठाउँ, बसोबास भत्ता र स्वास्थ्य उपचारबारे रोजगारदाताको जिम्मेवारी सम्बन्धी जानकारी उल्लेख हुनुपर्छ ।

घ. कन्ट्र्याक्ट नेपाली, अंग्रेजी र अरबी भाषामा हुनुपर्छ ।

- तर रोजगारदाता र कामदारका बीच विवाद उत्पन्न भएमा अरबी भाषाको कन्ट्र्याक्टले मान्यता पाउनेछ ।

ङ. कन्ट्र्याक्ट कतारमा गरेको भए कन्ट्र्याक्टलाई कतारको सिभिल सर्भिस अफेयर्स एन्ड हाउजिङ मन्त्रालय र दोहामा रहेको नेपाली एम्बेसीले प्रमाणित गर्नुपर्छ ।

च. कन्ट्र्याक्ट नेपालमा गरेको भए नेपालको श्रम तथा रोजगार मन्त्रालय र काठमाडौंमा रहेको कतारी एम्बेसीले प्रमाणित गर्नुपर्छ ।

छ. कतारमा नेपाली कामदारको न्यूनतम मासिक तलब :

- अदक्ष कामदारको कतारी रियाल ९०० (लगभग रु. २१,०००),
- अर्धदक्ष कामदारको ११०० रियाल (लगभग रु. २६,०००),
- दक्ष कामदारको १५०० रियाल (लगभग रु. ३५,५००) र
- अति दक्ष कामदारको ४२०० रियाल (लगभग रु. ९९,२००) छ ।

ज. सबै कामदारलाई खाना वा प्रतिमहिना न्यूनतम ३०० रियाल (लगभग रु. ७१००) खाना भत्ता दिइन्छ ।

झ. यस्तै अति दक्ष कामदारका न्यूनतम खाना भत्ता ५०० रियाल (लगभग रु. ११,८००) छ ।

ञ. कतारको श्रम कानुन अनुसार कामदारले दिनमा आठ घण्टाका दरले हप्तामा बढीमा ४४ घण्टा काम गर्नुपर्छ ।

ट. हप्तामा कम्तीमा २४ घण्टा लामो तलबी बिदा हुनुपर्छ ।

ठ. ओभरटाइम (ओ.टी.) काम गरेको थप ज्याला पाउनुपर्छ ।

ड. एक वर्ष काम गरिसकेका कामदारले कन्ट्र्याक्टको अन्त्यमा उपदान पाउँछ ।

ढ. सुरुमा कतार जाँदा र कन्ट्र्याक्ट सकिएपछि नेपाल आउँदा अनि बिदाको समयमा आउँदा-जाँदा टिकट खर्च रोजगारदाताले बेहोर्नुपर्छ ।

## ५. प्रस्थान

क. म्यानपावरले छानेका कामरदालाई भनेको समयमा वा समय नभनेको भए तीन महिनाभित्र विदेश पठाउनुपर्छ ।

ख. कामदारहरू काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय एयरपोर्टबाट उड्नुपर्छ ।

ग. हवाई टिकट नपाएर अरू देशको एयरपोर्टबाट उड्नुपरेमा वैदेशिक रोजगार विभागबाट स्वीकृति लिनुपर्छ र अध्यागमन (इमिग्रेसन) कार्यालयमा आफ्नो विवरण टिपाउनुपर्छ ।

घ. अध्यागमन (इमिग्रेसन) कार्यालय एयरपोर्ट र नेपालका मुख्य नाकाहरूमा छन् ।

## ६. कतारमा रहँदा

क. प्रहरी सेवामा रहेका, अनौपचारिक काममा गएका र घरेलु कामदार बाहेकका नेपालीले कतारको श्रम कानुनले तोके बमोजिमका अधिकार पाउँछन् ।

ख. कतारमा नेपाली कामदारले खाने, बस्ने, स्वास्थ्य उपचार खर्च, दुर्घटना बिमा, काम गर्न जाने ठाउँसम्म आतेजाते भाडा र कतारको श्रम कानुनले तोकेको अन्य खर्च पाउँछन् ।

ग. रोजगारदाताले अत्याचार गरेको प्रमाणित भए बाहेक कामदारले आफ्नो रोजगारदाता (स्पोन्सर/कफिल) छाडेर अरूकहाँ काम गर्न पाउँदैनन् ।

घ. कतारमा मजदुर संगठन खोल्न वा धर्ना विरोध गर्न पाइँदैन । कतारमा मजदुर समिति बनाउन पनि पाइँदैन ।

ङ. कामदारले कतारमा कमाएको पैसा नेपाल पठाउन पाउँछन् ।

च. कन्ट्र्याक्ट सकिएपछि नेपाली कामदार कतार छाडेर नेपाल फर्कनुपर्छ ।

छ. रोजगारदाताले अनुमति दिएपछि मात्र कामदारले कतार छाड्न पाउँछन् ।

## ७. समस्यामा परेमा

***कतारमा***

क. रोजगारदातासँग विवाद भएको खण्डमा कामदारले कतारको श्रम विभागमा उजुरी गर्न सक्छन् ।

ख. कुनै समस्या आएमा नेपाली कामदारले दोहामा रहेको नेपाली दूतावास (एम्बेसी) सँग सहयोग माग्न सक्छन् ।

***नेपालमा***

क. वैदेशिक रोजगार विभागमा वैदेशिक रोजगारसँग सम्बन्धित कुनै पनि कसुरको उजुरी दिन पाइन्छ । जस्तै :

- मान्यता नलिई म्यानपावर खोलेमा,
- विदेश पठाइदिन्छु भनी पैसा लिई विदेश नपठाएमा,
- कन्ट्र्याक्टमा भनेभन्दा फरक काम भएमा वा तलब र सुविधा कन्ट्र्याक्टमा भनेभन्दा कम भई फिर्ता आउनुपरेमा ।

ख. क्षतिपूर्ति (हरजाना) सँग सम्बन्धित मुद्दा वैदेशिक रोजगार विभागले समाधान गर्छ ।

- विभागमा नसुल्झिएका र आपराधिक मुद्दाहरू वैदेशिक रोजगार न्यायाधीकरणमा लगिन्छ ।

ग. न्यायाधीकरणले दुवै पक्षका साक्षी प्रमाण बुझी फैसला गर्दछ ।

घ. विभागले पठाएका मुद्दामा न्यायाधीकरणले कामदारका तर्फबाट सित्तैमा मुद्दा लडिदिन्छ ।

ङ. केही गैरसरकारी संस्थाहरूले (एनजीओ) पनि आप्रवासी कामदारलाई सित्तैमा कानुनी सेवा दिन्छन् ।

च. कतारमा मृत्यु भई अलपत्र परेको लाश नेपाल ल्याउन कामदारका आफन्तले वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा निवेदन दिन सक्छन् ।

छ. त्यस्ता कामदारले पाउने बाँकी तलब र अन्य पैसा दोहामा रहेको नेपाली एम्बेसीमा कम्पनीले जम्मा गर्नुपर्छ ।

- कामदारले पाउनुपर्ने सबै पैसा लाशसँग आफन्तलाई पठाउन यसो गरिएको हो ।

ज. कतारमा मृत्यु भएका कामदारका नजिकका हकवालाले वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा रु. १५०,००० को क्षतिपूर्ति (हरजाना) दाबी गर्न सक्छन् ।

झ. कतारमा काम गर्दा अङ्गभङ्ग भएमा कामदारले प्रवर्द्धन बोर्डमा रु. १५०,००० सम्मको क्षतिपूर्ति (हरजाना) दाबी गर्न सक्छन् ।

ञ. कन्ट्र्याक्ट अवधिमा कामदारको मृत्यु भएमा वा अङ्गभङ्ग भएमा नेपालको बिमा कम्पनीमा रु. ५००,००० सम्मको बिमा दाबी गर्न पाइन्छ ।